# क्यालगरीस्थित जातिय सांस्कृतिक परिषद

इथ्नो-कल्चरल काउन्सील अफ क्यालगरी (ECCC), अलवर्टा

**विषय :- <u>वैदेशिक प्रमाणपत्र</u>**

विगत दशबर्षभन्दा बढी समय यता क्यानडा भित्रिएका २ लाख भन्दा बढी गैरआवासिय नागरिकहरु सबैजसो दक्ष र वैदेशिक प्रमाणपत्र भएका छन् । प्रमाणपत्र मानिसको शैक्षिक र सीपमूलक योग्यताको परिचायक हुनाले यसको ठूलो महत्व छ, तर क्यानडामा यस्ता प्रमाणपत्रहरुले सहि पहिचान नपाउँदा दक्षशील गैरआवासिय जनशक्तिहरु मारमा परेका छन् । शैक्षिक योग्यता सम्पन्न पेशागत सीपकर्मीहरुको खाँचो पनि पूरा गर्न क्यानडाले अध्यागमनको बाटो खोलेतापनि त्यस्ता दक्षशील नागरिहरुको विदेशी प्रमाणपत्रहरुलाई क्यानडाका कामको बजारमा बेवास्ता गरिनाले देशको अर्थवृद्धि र उत्पादनशीलतामा नराम्रो असरपार्न जान्छ । फलस्वरुप यसले क्यानडालाई वर्षको ६ करोड भन्दा बढि खर्च गराउँछ ।

आर्थिक मात्र नभई यसले गैरआवासिय जनशक्तिको सामाजिक र पारिवारीक जीवनमा समेत आघात पार्दछ । क्यानडामा शैक्षिक योग्यतासम्पन्न दक्षशील कर्मचारीको अभाव हुदाँहुँदै पनि वैदेशिक तालिमप्राप्त चिकित्सक, दक्षशील प्राविधिज्ञ र शिक्षक जस्ता मानिसहरु जीवन धान्नको निम्ति भूँई पुछ्ने, पिज्जा बाँड्ने आदि काम गर्न बाध्य भएका छन् ।

क्यानडामा राम्रो काम पाउनको निम्ति गैरआवासिय जनशक्तिले मान्यीकरणको (accrediation) प्रकृया पार गर्नुपर्दछ । हेर्दा सहज देखिएपनि संदिग्ध मुल्याकंन र विविध परिस्थितिहरुमा भिन्दाभिन्दै अवलम्बन विधिले गर्दा मानिसहरुले निकै अप्ठ्यारो स्थितिको सामना गर्नुपर्दछ ।

त्यसमाथि अत्यधिक प्रमाणीकरणको आवश्यकता, बसाई अवधि, भाषिक दक्षशिलताको आवश्यक्ता लगायत, भेदभावपूर्ण मूल्याकंन नीतिले प्रमाणीकरणमा ठूलो भूमिका खेल्दछ ।

यद्यपि प्रमाणपत्रको मान्यीकरण नै काम पाउने परिचायक भने हुदैन । यो त कामदिने व्यक्तिको हातमा निर्भर गर्छ । एकरुपताको कमीले वैदेशिक प्रमाणपत्रको मुल्याकंनमा र गैरआवासियहरुले काम पाउने विषयमा ठुलो असर पार्छ । यस्ता विविध जटिलताहरुले गर्दा पनि योग्य गैरआवासियहरुले भनेजस्तो काम पाएका छैनन् ।

**<u>हालका कार्यक्रमहरु</u> :**

सरकारद्धारा भित्र्याइएका विदेशी तालीमप्राप्त दक्ष जनशक्तिहरुद्धारा देशको कार्यप्रणालीमा खाडल पूर्ने काम हुने स्वरुप यिनीहरुको प्रमाणपत्रहरुलाई मान्यता नदिएको विषयलाई गम्भिरतापूर्वक हेरीनुपर्दछ ।

देशबाहिरपनि यस्ता अप्ठ्याराहरुलाई सुल्झाउन विविध कार्यक्रमहरुको आयोजना गरिएका छन् । यस सन्दर्भमा ठुला-साना प्रत्येक प्रान्तले गैरआवासिय नागरिकको बराबरी हकहितको निम्ति कुनै न कुनै पाईला उठाएका छन् । यी सबैको एउटै उद्देश्य वैदेशिक प्रमाणपत्रको मान्यता हो ।

<u>कार्यको निम्ति सिफारिस</u> :

यथापूर्वस्थिति अनुरुप ECCC ले वैदेशिक प्रमाणपत्रको विषयमा एउटा सार्वजनिक समाज मञ्चको अनुगमन गरेको छ, जसले ऋखंलाबद्ध कार्यकारिणी सिफारीसहरु जनसमक्ष प्रस्तुत गर्दछ। जस्तो कि–समुन्द्रपारीका दुतावासहरु, भिसा दिने ठाउँ जस्ता विविध स्रोतहरुद्वारा क्यानडाका कामको फाँटमा सहि खबर पुऱ्याई सरकारलाई सहयोग गर्ने, पेशागत व्यक्तिहरुसँगको छलफलद्धारा वैदेशिक प्रमाणपत्रहरुको जाँच गरी मान्यता दिन सहयोग पूऱ्याउने, अंग्रेजी सिकाउने, जस्ता विविध साँघु कार्यक्रमहरुलाई सुधार गर्ने, महत्वपूर्ण सुझाव सहायता प्रदान गर्ने, साझेदारीलाई बढावा दिदैं विदेशी प्रमाणपत्रको सहि चिनारीको निम्ति बहुसँस्थाहरुलाई सहयोग गर्ने जस्ता विविध कार्यक्रमहरु संञ्चालन उन्मुखताको लागि ECCC अभिप्रेरित गर्दछ।

**References**

Conference Board of Canada. 2004. *Making a visible difference: the contribution of visible minorities to Canadian economic growth*. Ottawa

Metropolis Conversation Series 14. October 2003. *Current success and continuing challenges of foreign credentials recognition*. Human Resources and Skills Development Canada.